## गजुरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, गजुरी धादिङ
## ३ नं. प्रदेश, नेपाल
# बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७५।१२।२५**

यस गाउँपालिकाको आ.व.२०७५/०७६को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत निम्न अनुसारका कार्यहरु बोलपत्रद्वारा गर्नु पर्ने भएकोले सो कार्यसँग सम्बन्धित इच्छुक तथा योग्य बोलपत्रदाताहरुबाट फर्मदर्ता, भ्याटदर्ता, आयकर दर्ता, मूल्यअभिबृध्दि कर दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, **Letter of Authorization**, आ.व.०७४।०७५ को करचुक्ता प्रमाणपत्र लगायतका नियमानुसारका अन्य आवश्यक कागजातका प्रमाणित (नोटरी पब्लिकबाट) प्रतिलिपिहरु संलग्न राखी रितपुर्वकको छुट्टा छुट्टै शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजात गजुरी गाउँकार्यपालिकाको कार्यालय, गजुरी, धादिङबाट रु.३०००। नगदै बुझाई वा यस गा.पा.को धादिङबेसी स्थित रा.बा. बैंक शाखाको १०३०३०४०१८१०७ मा उक्त रकम जम्मा पछि फिर्ता नहुने गरी गरेको सक्कल भौचर पेश गरी खरिद गर्न सकिने छ ।

२. बोलपत्रसाथ जम्मा गर्नु पर्ने धरौटी बापतको रकम यस कार्यालयको धादिङबेसी स्थित रा.बा. बैंक शाखाको धरौटी खाता नं. १०३०३०३००७१०७ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यताप्राप्त बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नु पर्ने छ।

३. बोलपत्र खरिद गर्ने अन्तिम मिति सूचना प्रकाशित गरेको ३० औं दिनको कार्यालय समय भित्र हुने छ । बोलपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परे त्यसपछि कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समय भित्र खरिद तथा पेश गर्न सकिने छ ।

४. बोलपत्र पेश गर्ने अन्तिम मिति सूचना प्रकाशित गरेको ३१ औं दिनको १२ बजे सम्म हुने छ । बोलपत्र यस कार्यालयले उपलब्ध गराएको बोलपत्र फाराममा मात्र पेश गर्नु पर्ने छ ।

५. शिलबन्दी बोलपत्र दर्ता गर्ने र खोलिने स्थान गजुरी गाउँ कार्यपालिकाको कार्यालय, गजुरी, धादिङ हुने छ।

६. शिलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा ३१ औं दिनको २ बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त बिपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

७. कुनै कारण जनाई वा नजनाई शिलबन्दी बोलपत्र रद्ध गर्ने, स्वीकृत गर्ने अस्वीकृत गर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्रदाताले आफुले कबोल गरेको अंक मूल्यअभिबृध्दि बाहेकको हुनुपर्नेछ ।

९. बोलपत्रमा दररेट स्पष्टरुपमा अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई आधार मानिने छ।

१० .बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५(पाँच) प्रतिशतले हुने रकम र कानुन अनुसार थप जम्मा गर्नु पर्ने भए अन्य रकम समेतको नियमानुसारको समयाधिको लागी परफरमेन्स वण्ड शर्त रहित पेश गर्नु पर्ने छ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछन् ।

१२. सूचनामा उल्लेख नभएका अन्य बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१३. यो सूचना गजुरी गाउँ कार्यपालिकाको कार्यालय गजुरी, धादिङको website: www.gajurimun.gov.np मा समेत हेर्न सकिने छ ।

१४.बोलपत्रदाताले e-bidding ( PPMO को वेवसाईट http:/bolpatra.gov.np) को माध्यमबाट समेत बोलपत्रको प्रक्रियामा भाग लिन सकिने छ ।

**कामको विवरण**

| सि. न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम ( मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ०३/०७५/७६ | सौर्य सडक बत्ती जडान कार्य | ५८२१७५०।०० | १५००००।०० | ३०००।० |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ०४/०७५/७६ | विद्युतीकरण योजना च्याांङली मुलाखर्क | ४८५२४६४।१४ | १४००००।०० | ३०००।० |

.....................................

प्रमुख प्रशासकीय अधिकृत

**गजुरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय, गजुरी धादिङ**
**३ नं. प्रदेश, नेपाल**

# बोलपत्र आव्हानको सूचना

यस गाउंपालिकाको आ.ब. २०७५/०७६ को बार्षिक कार्यक्रम अनुसार निम्नानुसारका योजनाहरु सञ्चालन गर्नुपर्ने भएकोले मान्यता प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएकोछ ।

१. दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम **गा.पा.को धादिङबेसी स्थित रा.बा. बैंक शाखाको १०३०३०४०१८१०७ मा उक्त रकम जम्मा गरेको सक्कल भौचर** (पछि फिर्ता नहूने गरी) वुफाएको रसिद, आ.व. ०७५/०७६ का लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पुर्वक निवेदन दिई यस कार्यालयबाट दरभाउपत्र फारम नगद जम्मा गरि खरिद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत दरभाउपत्र प्रक्रियामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नुपर्नेछ ।

२.. खरिद भएका दरभाउपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको १३.०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं.**१०३०३०३००७१०७** मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि ७५ दिन म्याद भएको, मान्याता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग वुफी, हेरी साइट निरीक्षण गरी दरभाउपत्र भरेको मानिनेछ ।

५. दरभाउपत्रदाताले आफूले कबोल गरेको अंक मुल्यअभिवृद्धि कर वाहेकको हुनुपर्नेछ । मुल्यअभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिनेछ ।

६. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र शर्त रहित,यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

९. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. दरभाउपत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ र गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने संपूर्ण करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. संयुक्त उपक्रम ( Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१३. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

१४. शिलवन्दी दरभाउपत्र खरिद र दर्ता गर्न अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा दरभाउपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ।

१५. सूचनामा उल्लेख नभएका अन्य बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१६.**बोलपत्रदाताले** e-bidding ( PPMO को वेवसाइट http:/bolpatra.gov.np) **को माध्यमबाट समेत बोलपत्रको प्रक्रियामा भाग लिन सकिने छ ।**

<u>कामको विवरण</u>

| सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ..../०७५/७६ | सौर्य सडक बत्ती जडान कार्य | ५८२१७५०।०० | १५००००।०० | ३०००।० |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ..../०७५/७६ | विद्युतीकरण योजना च्यांली मुलाखर्क | ४८५२४६४।१४ | १४००००।०० | ३०००।० |

.....................................
प्रमुख प्रशासकीय अधिकृत